सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल

## आदेश

०८०-WH-००२०

मुद्दाः– बन्दीप्रत्यक्षीकरण।

हाल कारागार कार्यालय, जगन्नाथदेवल, सुन्धारा, काठमाडौंमा थुनामा रहेका नेदरल्याण्ड्स नागरिक Amadeu Candido De Oliverira (Passport No. NSP5R5205) ........................................................................ १ — निवेदक

विरुद्ध

महानिर्देशक, अध्यागमन विभाग, कालिकास्थान, काठमाडौं ...................... १
अध्यागमन विभाग, कालिकास्थान, काठमाडौं ...................................... १ — विपक्षी
कारागार कार्यालय, जगन्नाथदेवल, सुन्धारा, काठमाडौं ........................... १

नेपालको संविधानको धारा ४६ तथा १३३ को उपधारा (२) र (३) बमोजिम यस अदालतको अधिकारक्षेत्र अन्तर्गत दायर भई पेस हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् आदेश यसप्रकार रहेको छः-

### तथ्य खण्ड

१. म, नेदरल्याण्ड्स नागरिक Amadeu Candido De Oliverira (Passport No. NSP5R5205) सन् २०१४ देखि विभिन्न समयमा नेपाल भ्रमणमा आई नेपालको विभिन्न विद्यालयहरूमा

फुटबल प्रशिक्षकको रूपमा सेवा गर्दै आइरहेको थिएँ। यसै सन्दर्भमा २०१७ डिसेम्बर १३ का दिनदेखि कास्की जिल्ला फुटबल संघ, पोखरामा आवद्ध भई कास्की जिल्ला अन्तर्गतका विद्यालय र समुदायमा समेत स्वयंसेवकका रूपमा फुटबल प्रशिक्षण सेवा प्रदान गराउँदै आएको थिएँ। उक्त समयमा नेपालमा मेरो पासपोर्टमा भिसा लगाउनका लागि नेपालकै साथीहरूले नै पासपोर्ट लगी भिसा लगाई पासपोर्ट राखिदिने गर्दथे। यसै क्रममा २०७६ सालको कार्तिक महिनामा भिसा लिनका लागी म निवेदक आफैं अध्यागमन विभाग, कालिकास्थान गई भिसा माग गर्दा अध्यागमन विभागले चलानी नं. ४१७ को पत्रमार्फत तपाई सन् २०१५ मई ३१ देखि सन् २०१९ अक्टोवर २३ सम्म जम्मा १६०७ दिन भिसा नियमित नगरी ओभर स्टे भई नेपालमा बसेकोले भिसा शुल्क र विलम्ब शुल्क गरी १६०७x८=१२,८५६ यु.एस. डलरको मिति २०७६।०७।०६ गतेको नेपाल राष्ट्र बैङ्कको विदेशी विनिमय दरबमोजिम १ यू.एस. डलरको रू.१३३.२० ले हुन आउने जम्मा रू.१४,५५,२९९।१० (चौध लाख पच्चपन्न हजार दुई सय उनान्सय रूपैयाँ दश पैसा) र यस विभागको मिति २०७६।०७।०६ गतेको निर्णायनुसारको जरिवाना रू.५०,०००।- (रूपैयाँ पचास हजार) गरी कूल रकम रू.१५,०५,२९९।१० (रूपैयाँ पन्ध्र लाख पाँच हजार दुई सय उनन्सय रूपैयाँ दश पैसा) बुझाउन दाखिला गर्न नसक्ने भनी तपाईंले कागज गरी दिएको हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६४(१) बमोजिम जरिवाना बापत हुने कैद सजाय जम्मा ७ (सात) वर्ष कैदमा बस्नुपर्ने भएको हुँदा तपाईंलाई मिति २०७६।०७।०६ (सन् २०१९ अक्टोवर २३) देखि कैद गणना हुने गरी मिति २०८३।०७।०५ (सन् २०२६ अक्टोवर २२) गतेसम्म नियमानुसार सिदा खान पाउने गरी कारागार कार्यालय, जगन्नाथदेवलमा कैदमा बस्न पठाइएको छ भनी पत्र थमाइयो। भिसा थपका लागि अध्यागमन नियमावली, २०५१ को नियम ३१(ख) मा रहेको नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व भएको निकाय वा संयुक्त राष्ट्र संघ वा क्षेत्रीय संगठन वा अन्य कुनै अन्तर्राष्ट्रिय संघ संस्था वा सो अन्तर्गतका निकायहरूद्वारा आयोजित सभा, सम्मेलन, प्रशिक्षण वा बैठकमा सहभागी हुन आउने विदेशीलाई नेपालभित्र प्रवेश वा उपस्थितिको लागि भिसा जारी गर्दा र भिसाको म्याद थप गर्दा भिसा दस्तुर छुट दिन वा मिनाहा गर्न सकिनेछ भन्ने व्यवस्थाबमोजिम कानून बमोजिमको छुट सुविधा माग गरी

बाँकीमा कानूनबमोजिमको शुल्क जरिवाना तिर्न बुझाउन माग गर्दा उल्टै मलाई बिना सूचना कैदी पुर्जी थमाई अध्यागमन विभागका महानिर्देशकबाट भएको आदेश गैरकानूनी छ।

२. म निवेदकलाई कानून विपरीत कैद राख्नका लागि अध्यागमन विभागका महानिर्देशकको एकांकी आदेशमा आकर्षित नै नहुने मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६४(१) लाई उद्दरण गरिएको छ। उक्त व्यवस्था भनेको अदालतबाट फैसला हुँदा असुलउपर हुन पर्ने गरी ठहर भएको सरकारी बिगो वा अन्य कुनै रकम सम्बन्धित व्यक्तिले बुझाउनु पर्नेछ भन्ने व्यवस्था छ। म निवेदक मार्फत अदालतले बिगो भराउन पर्ने मैले कुनै पनि कार्य गरेको छैन। मलाई बिगो भराउनका लागि नेपालमा अदालतले कुनै आदेशसमेत गरेको छैन। अध्यागमन ऐन, २०४९ को दफा ३ ले कुनै पनि विदेशीलाई राहदानी वा भिसा नलिई नेपालभित्र प्रवेश गर्न र नेपालमा बस्न निषेध गरेको छ। यदि कुनै पनि विदेशी राहदानी वा भिसा नलिई नेपालभित्र प्रवेश गर्छ र बस्छ भने अध्यागमन ऐन, २०४९ को दफा ८(२) बमोजिम गिरफ्तार गरी त्यस्तो व्यक्तिका उपर अध्यागमन विभागले अभियुक्तलाई बयान गराई मनासिव आधार भएमा तारेखमा राख्न, धरौट वा जमानत लिई छाड्न वा अदालतको अनुमति लिई पच्चिस दिनसम्म थुनामा राखी अपराधको तहकिकात गर्ने अधिकार दिएको छ। अभियुक्तउपर यसरी तहकिकात गर्दा ऐ. ऐनको दफा ८(३) ले सरकारी वकिलको परामर्श लिन सक्ने व्यवस्थासमेत गरेको छ। फौजदारी मुद्दामा र अझ विशेष गरी थुनामा रहेको व्यक्तिको हकमा कानून व्यवसायीद्वारा कानूनी परामर्श वा सल्लाह प्रदान गर्ने अवसरबाट बञ्चित गरिने हो भन्ने फौजदारी न्याय र स्वच्छ सुनुवाईको सिद्धान्तको पालना अधुरो र अपूरो रहन जान्छ। स्वच्छ सुनुवाइको यस अवधारणालाई विश्वका जुनसुकै कानून प्रणालीले अवलम्बन गरेको पाइन्छ। नेपालको संविधानको धारा २०(२), (८), (९) तथा धारा १२६(१) ले समेत कुनै अभियुक्तलाई न्यायिक हिरासतमा लिंदा वा कैदमा राख्दा अभियुक्तलाई के कुन कारणले हिरासतमा लिइएको वा कैदमा राखिएको हो, सोको जानकारी दिनुपर्ने स्पष्ट कानूनी व्यवस्था रहेकोमा विपक्षी अध्यागमन विभागले सोझै कैदी पुर्जी थमाई संविधान र कानून विपरीत मलाई थुनामा राख्न पठाएको हो। तसर्थ, म निवेदकलाई अनुचित, अन्यायपूर्ण एवम् कानून विपरीत कैदबाट मुक्त गराई संविधानको धारा ४६ र १३३ तथा सर्वोच्च अदालत नियमावली,

२०७४ को नियम ३७ बमोजिम बन्दीप्रत्यक्षीकरण लगायत जो चाहिने आज्ञा, आदेश वा पुर्जी जारी गरिपाउँ भन्नेसमेत बेहोराको निवेदन मागदाबी।

३. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण भए सबुत प्रमाणसहित म्याद सूचना पाएको मितिले बाटोका म्यादबाहेक ३(तीन) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखितजवाफ पेस गर्नू भनी आदेश र निवेदनको एक प्रति प्रतिलिपि साथै राखी सोको वोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई पेसीको जानकारी दिई नियमानुसार गरी पेस गर्नू। साथै, रिट निवेदनसँग सम्बन्धित अध्यागमन विभागको मिति २०७६।०७।०६ को निर्णयानुसारको जरिवाना रकम बुझाउन दाखिला गर्न नसक्ने भनी Amadeu Candido De Oliverira (P.P.No. NSP५R५२०५) ले कागज गरिदिएको भन्ने देखिँदा उक्त कागज़ र निजको हकमा भएको निर्णयसहितको सक्कल मिसिल अध्यागमन विभागबाट झिकाई नियमानुसार पेस गर्नू भन्ने मिति २०८०।०४।११ मा यस अदालतबाट भएको आदेश।

४. यस विभागको मिति २०७६।०७।०६ को निर्णयअनुसार निज निवेदक सन् ३० मे २०१५ सम्मको लागि पर्यटक भिसा नियमित गरी नेपालमा बसोबास गरेको र तत्पश्चात् भिसा नियमित नगरी नेपालमा १५० दिनभन्दा भढी ओभरस्टे भई बसोबास गरिरहेको देखिएकोले निजको भिसा ३१ मे २०१५ देखि निजले टिकट पेस गरेको सन् २३ अक्टोबर २०१९ सम्म १६०७ दिन अध्यागमन नियमावली संशोधन सहितको अनुसूची ९(२) ङ बमोजिमको अवधी गणना गरी सोही अनुसार तपशिल बमोजिमको भिसा शुल्क, बिलम्ब शुल्क र जरिवाना निर्धारण भई भुक्तान गरेमा निजको आफ्नो मुलुक नेदरल्याण्ड प्रस्थान गराउने तथा भुक्तान नगरेको खण्डमा नियमानुसारको सिदा खान पाउने गरी कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौंमा कैदमा राख्न पठाउने निर्णय भई निज निवेदक स्वयंले उल्लिखित रकम दाखिला गर्न नसक्ने भनी सहीछापसमेत गरेको हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६४ को उपदफा ५ बमोजिम शुल्क र जरिवाना बापतको कैद भुक्तान गर्न मिति २०७६।०७।०६ मा कारागार कार्यालय, जगन्नाथदेवल पठाएको हो। अध्यागमन कानूनबमोजिम भिसा नियमित नगरी गैरकानूनी

रुपमा नेपालमा बसोबास गरेमा भिसा नियमित बापत प्रतिदिन ३ अमेरिकी डलर र बिलम्ब शुल्क बापत प्रतिदिन ५ अमेरिकी डलर दस्तुर तिर्नुपर्ने अध्यागमन कानून रहेको। कानूनबमोजिम नै निजको भिसा शुल्क र बिलम्ब शुल्क लिई भिसा नियमित गरिने भएकोले बन्दीप्रत्यक्षीकरणको आदेश गर्नुपर्ने आधार देखिँदैन। निज विपक्षीको भिसा र बिलम्ब दस्तुर बापतको रकम भुक्तान गरेमा नियमानुसार गरिने भएकोले निवेदकको रिट खारेजभागी भएको हुँदा बदर गरिपाउँ भन्नेसमेत बेहोराको अध्यागमन विभाग र ऐ.का महानिर्देशकको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

५. अधिकार प्राप्त निकायको आदेशबाट मात्र कारागारमा थुनामा राख्ने र थुनामुक्त गर्ने कार्य कारागार कार्यालयबाट हुने भएको र थुनामुक्त र थुनामा राख्ने कार्यमा कारागार कार्यालयको कुनै स्वविवेकीय अधिकार नरहने भएकोले प्रस्तुत रिट निवेदन खारेजयोग्य भएकोले खारेज गरिपाउँ भन्नेसमेत बेहोराको कारागार कार्यालय, जगन्नाथदेवलको लिखित जवाफ।

## आदेश खण्ड

६. नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक पेसी सूचीमा चढी यस इजलाससमक्ष निर्णयार्थ पेस हुन आएको प्रस्तुत निवेदनमा निवेदकको तर्फबाट इजलासबाट पुकारा गर्दा बहस पैरवी गर्न कोही पनि विद्वान् कानून व्यवसायी उपस्थित हुनु भएन।

७. प्रत्यर्थी अध्यागमन विभागसमेतको तर्फबाट उपस्थित विद्वान् उप-न्यायाधिवक्ता श्री दशरथ पंगेनीले निवेदक Amadeu Candid De Oliverira सन् २०१५ मे ३० सम्मको लागि पर्यटक भिसामा नेपाल आई बसोबास गरी रहनु भएकोमा निजको भिसा समाप्त भएपश्चात् नविकरण गर्नुपर्नेमा सो नगरी नेपालमा बसोबास गरेको कारण अध्यागमन नियमावली अनुसार निजलाई भिसा शुल्क, बिलम्ब शुल्क र जरिवाना निर्धारण भएकोमा निजले आफूलाई लागेको जरिवाना रकम दाखिला गर्न नसकेको कारण थुनामा राखिएको हो। निज निवेदकको थुना गैरकानूनी भन्न नमिल्ने हुँदा रिट निवेदन खारेज गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

८. उपर्युक्तानुसारको तथ्य, निवेदन जिकिर रहेको प्रस्तुत निवेदनमा विद्वान् उप-न्यायाधिवक्ताको

बहस सुनी एवं मिसिल संलग्न सम्पूर्ण कागजातहरु अध्ययन गरी हेर्दा निम्न विषयमा निर्णय गर्नुपर्ने देखियो:-

क) निवेदकको थुनाको कानूनी वैधता के कस्तो हो ?

ख) निवेदकको मागबमोजिम रिट जारी गर्न मिल्ने हो वा होइन ?

९. निर्णयतर्फ विचार गर्दा, नेदरल्याण्डस नागरिक Amadeu Candidio De Oliverira भिसा नियमित नगरी ओभर स्टे भई नेपाल बसेको कारण भिसा शुल्क, बिलम्ब शुल्क र जरिवाना रकम तिर्न नसकेको कारण निजलाई थुनामा पठाउने गरी अध्यागमन विभागबाट निर्णय भएको छ। उक्त निर्णय गर्दा निवेदक विदेशी नागरिकलाई दोभाषे र कानूनी व्यवसायीसँग भेट तथा परामर्श गर्न नदिई कैदमा पठाउने गरी भएको निर्णय गैरकानूनी भएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने मुख्य निवेदन जिकिर रहेको देखिन्छ। विपक्षी निवेदक सन् २०१५ मे ३० देखि सन् २०१९ अक्टोबर २३ सम्म भिसा नियमित नगरी नेपालमा overstay गरेको कारण निजलाई कानूनबमोजिम लाग्ने शुल्क र जरिवाना तोकिएकोमा उक्त जरिवाना तिर्न नसकेको कारण निज निवेदक कैदमा रहेको हुँदा माग बमोजिमको आदेश जारी हुनुपर्ने होइन, रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको अध्यागमन विभागको लिखित जवाफबाट देखिन्छ।

१०. अब पहिलो प्रश्नतर्फ विचार गर्दा, निवेदक Amadeu Canidido De Oliverira नेदरल्याण्डस्को (Dutch) नागरिक रहेको देखियो। निज निवेदक सन् २०१४ नोभेम्बर ११ मा पहिलो पटक नेपाल प्रवेश गरेकोमा दुई पटकसम्म भिसा थप गरी अन्तिम पटक सन् २०१५ मे १८ सम्मको लागि भिसा थप भएको मिसिल संलग्न कागजातबाट देखिन्छ। निजले तत्पश्चात् पनि भिसा थपको लागि निवेदन दिए तापनि भिसा थप भएको देखिँदैन र निजको पासपोर्टको म्याद सन् २०१७ मा नै समाप्त भएको देखिन्छ। अध्यागमन ऐन, २०४९ को दफा ३ मा *कुनै पनि विदेशीले राहदानी र भिसा नलिई नेपालभित्र प्रवेश गर्न र नेपालमा बस्न पाउने छैन* भन्ने व्यवस्था रहेको हुँदा निवेदक भिसा सकिएपछि पनि नेपालमा बसोबास गरी रहेको देखिँदा निज निवेदकले अध्यागमन ऐन, २०४९ को दफा ३ विपरीतको कार्य गरेकोमा विवाद रहेन।

११. निज निवेदक Dutch नागरिक Amadeu Canidido De Oliverira (P.P.No.NSP5R5205) सन् २०१५ मे ३० सम्म पर्यटक भिसामा नियमित रही सोपश्चात् भिसा नियमानुसार नविकरण नगरी १५० दिनभन्दा बढी नेपालमा गैरकानूनी रुपमा (over stay) बसेको देखिन्छ। निजको भिसा सन् ३१ मे २०१५ देखि निजले अध्यागमन विभागसमक्ष पेस गरेको टिकट सन् २३ अक्टोबर २०१९ सम्म जम्मा १६०७ दिन भिसा नियमित गर्नुपर्ने देखिएको हुँदा अध्यागमन नियमावली, २०५१ को अनुसूची ९(२)(ङ) (संशोधन सहित) बमोजिम अवधि गणना गरी सोहीबमोजिम दस्तूर लिन "क" बमोजिम प्रतिदिन ३ तथा "ग" बमोजिम प्रतिदिन ५ अमेरीकी डलर थप दस्तुर लिई भिसा नियमित हुन साथै तपसिल बमोजिमको अवधि over stay देखिएको हुँदा अध्यागमन ऐन, २०४९ को दफा ३(१) को कसुरमा सोही ऐनको दफा १०(४) बमोजिम जरिवाना गरी उपरोक्तानुसारको भिसा शुल्क, बिलम्ब शुल्क र जरिवाना बापतको रकम बैङ्क दाखिला/भुक्तान गरेमा निजको आफ्नो मुलुक नेदरल्याण्डस प्रस्थान गराउने तथा भुक्तान नगरेको खण्डमा नियमानुसारको सिदा खान पाउने गरी कारागार कार्यालय जगन्नाथदेवल, काठमाडौंमा कैदमा पठाउने निर्णय सदर भई निजलाई ऐ. ऐनको १०(४) बमोजिम थप रु. ५०,०००।– जरिवानासमेत गर्ने गरी अध्यागमन विभागको निमित्त महानिर्देशकले मिति २०७६।०७।०६ मा निर्णय गरेको अध्यागमन विभागको टिप्पणी फाइलबाट देखिन्छ।

१२. उक्त टिप्पणी उठी भएको निर्णय आदेश अनुसारको जरिवाना रकम तिर्न नसकेपछि, निवेदक Amadeu Canidido de Oliveria (P.P.No.NSP5R5205) को सन् २०१५ मे ३१ देखि सन् २०१९ अक्टोबर २३ सम्म जम्मा दिन १६०७ दिन भिसा नियमित नगरी गैरकानूनी रुपमा (overstay) नेपालमा बसेकोले भिसा शुल्क र बिलम्ब शुल्क गरी १६०७×८= १२,८५६।- यू.एस. डलरको मिति २०७६।०७।०६ गतेको नेपाल राष्ट्र बैङ्कको विदेशी विनिमय दरबमोजिम १ यू.एस. डलरको रु.११३.२० गरी जम्मा रु.१४,५५,२९९।१० र यस विभागको मिति २०७६।०७।०६ को निर्णयानुसार जरिवाना रु.५०,०००।- गरी जम्मा रु.१५,०५,२९९।१०- बुझाउन, दाखिला गर्न विभागबाट सोधनी भई तत्काल बुझाउन नसक्ने भनी निवेदकले मिति २०७६।०७।०६ मा कागज गरी सहीछाप गरेको देखिन्छ। उक्त रकम बुझाउन नसकेको कारणले निजलाई मिति २०७६।०७।०६ (सन्

२०१९ अक्टोबर २३) गतेदेखि गणना हुने गरी मिति २०८३।०७।०५ (सन् २०२६ अक्टोबर २२) गतेसम्म सिदा खाना पाउने गरी मिति २०७६।०७।२१ मा अध्यागमन विभागबाट कैदी पुर्जी जारी भएको देखिन्छ। विभागको कैद जरिवाना गर्ने निर्णय प्रशासकीय प्रकृति (administrative in nature) को भएं तापनि त्यस्तो निर्णय अदालत तथा न्यायिक निकायको निर्णय सरह हुन्छ वा हुँदैन भन्ने विषयमा थप विचार गर्नुपर्ने देखियो।

१३. नेपालको संविधानको धारा १२६(१) मा नेपालको न्याय सम्बन्धी अधिकार यो संविधान, अन्य कानून र न्यायका मान्य सिद्धान्तबमोजिम *अदालत तथा न्यायिक निकायबाट* प्रयोग गरिनेछ भन्ने व्यवस्था उल्लेख गरेको पाइन्छ। धारा १२८(२) मा सर्वोच्च अदालत अभिलेख अदालत हुने र संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक *सबै अदालत र न्यायिक निकायहरु सर्वोच्च अदालत* मातहत रहनेछन् र संविधान र कानूनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतलाई हुनेछ भन्ने संवैधानिक व्यवस्था रहेको पाइन्छ। यसै सन्दर्भमा, यस अदातलबाट न्यायिक प्रकृतिको काम गर्ने सबै न्यायिक निकायहरुमा संविधानले अंगिकार गरेको स्वच्छ सुनुवाई र स्वतन्त्र न्यायपालिकाको अवधारणा लागू हुनुपर्ने, संविधान तथा कानूनको प्रयोजनको लागि यस्ता निकायहरु न्यायिक निकाय हुन् र त्यस्ता निकायहरुले गर्ने निर्णयमा स्वच्छ सुनुवाईका सबै मान्यताहरु आकर्षित हुन्छन्[1] भन्ने व्याख्या भएको परिप्रेक्ष्यमा अध्यागमन विभागको महानिर्देशकले अध्यागमन ऐन, २०४९ को दफा ३(१) को कसुरमा सोही ऐनको दफा १० बमोजिम जरिवाना वा कैद वा दुवै गरी कुनै व्यक्तिको व्यक्तिगत स्वतन्त्रतामा संकुचन लगाउने गरी भएको निर्णय न्यायिक प्रकृत्तिको हुनेमा द्विविधा देखिएन।

१४. मूलत: न्यायिक निकाय विवाद समाधान गर्न र न्याय व्यवस्थापन गर्नको निमित्त स्थापित संस्था हो। यस निकायले कानूनको शासन कायम गर्न, व्यक्तिगत अधिकारको संरक्षण गरी निष्पक्ष र समतामूलक समाजको सुनिश्चितता गर्न महत्वपूर्ण भूमिका खेल्ने गर्दछ। न्यायिक मनको प्रयोग गरी गरिएको निर्णय न्यायिक प्रक्रिया अन्तर्गत नै परीक्षण हुन सक्छ, त्यस बाहेक अन्य निकाय वा अधिकारीले त्यसलाई सदर वा बदर गर्ने सामर्थ्य राख्दैन। यो नै

[1] यस सम्वन्धमा थप जानकारीको लागि हेर्नहोस् भुवनप्रसाद निरौला विरुद्ध संविधानसभा तथा व्यवस्थापिका संसद समेत,ने.का.प.२०६८, अंक-१०, नि.नं.८६९२, प्यारा, १९

न्यायिक निर्णयको सार्वभौम चरित्र हो। यस सन्दर्भमा, मुलुकी अपराध संहिता, २०७४ को दफा ३(क) लाई हेर्नुपर्ने देखिन्छ। उक्त प्रावधान अनुसार अदालत भन्नाले सर्वोच्च अदालत, उच्च अदालत वा जिल्ला अदालत सम्झनु पर्छ र सो शब्दले कुनै खास किसिमका फौजदारी मुद्दाको कारवाही र किनारा गर्न कानूनबमोजिम अधिकार प्राप्त अदालत, *अन्य न्यायिक निकाय वा अधिकारी* समेतलाई जनाउँछ भनी उल्लेख भएको पाइन्छ। उक्त परिभाषा अनुसार कुनै न्यायिक निकाय वा कानून प्रदत्त अधिकारीले गरेको निर्णय प्रशासकीय प्रकृतिको भए तापनि अदालती फैसला सरह हुने देखिन्छ। "प्रशासकीय अधिकारीहरुले जनताको ज्यान धनमा असर पार्ने गरी धैरै अधिकारहरु प्रयोग गर्न पाएको हुन्छ। यस्तो अधिकारहरु प्रयोग गर्दा न्यायिक प्रकिया अपनाउनु पर्दछ। न्यायिक मन लगाई कुनै मामिला हेरिन्छ भने त्यो निर्णय न्यायिक हुन्छ"[२] भनी यस अदालतबाट व्याख्या भएको सन्दर्भमा, अध्यागमन ऐन, २०४९ को दफा ८ ले कुनै पनि अपराध भए गरेको वा हुन लागेको कुरा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा विभाग वा कार्यालयलाई जानकारी हुन आएमा महानिर्देशक आफैंले तोकेको अध्यागमन अधिकृतले सो सम्बन्धी कसुरको तहकिकात र कारवाही गर्नेछ भन्ने व्यवस्था रहेको देखिन्छ। सामान्यतया अनुसन्धान, अभियोजन र न्याय निरुपण फरक फरक निकायबाट भई अन्तर न्यायिक शक्तिपृथकीकरणको सिद्धान्तलाई हाम्रो संविधान र कानूनी प्रणालीले आत्मसात गरेको भए तापनि[३] महानिर्देशकले आफू मातहतका अधिकृतलाई अनुसन्धान अधिकृत तोकी ऐनको प्रावधान अनुरुप आफू स्वंयले अध्यागमन सम्बन्धी मुद्दामा निर्णय गरेको देखियो। अध्यागमन विभाग अन्तगर्तको अनुसन्धान, अभियोजन र निर्णय गर्ने विषय प्रस्तुत मुद्दामा अप्रसाङ्गिक देखिए तापनि विद्यमान कानूनी संरचनाभित्र तोकिएको कानूनी प्रकिया पूरा गरी महानिर्देशकबाट भएको त्यस्तो निर्णय अदालतको निर्णय सरह लागू हुने नै देखियो।

१५. **अध्यागमन विभागका महानिर्देशकले अध्यागमन ऐन, २०४९ को दफा ३(१) को कसुर र दफा १०(४) बमोजिमको जरिवाना बापत कैदी पुर्जी दिई थुनामा पठाउने कार्य प्रशासकीय प्रकृतिको (administrative in nature) भए तापनि मुलुकी अपराध संहिता, २०७४ को दफा**

[२] यस सम्बन्धमा थप जानकारीको लागि हेर्नहोस् परशुराम बन्जाडे विरुद्ध विशेष अदालत समेत,ने.का.प.२०२७, अंक-१, नि.नं.५४७, प्यारा १६

[३] यस सम्बन्धमा थप जानकारीको लागि हेर्नहोस्, भुवनप्राद निरौला विरुद्ध संविधानसभा तथा व्यवस्थापिका संसद समेत ने.का.प.२०६८, अंक-१०, नि.नं.८६९२, प्यारा ३१।

३(क) अनुसार त्यस्तो निर्णय *न्यायिक निकाय वा अधिकारीबाट* भएको निर्णय मान्नु पर्ने देखियो। कतिपय देशहरुमा अध्यागमन अधिकारीहरुलाई गैरकानूनी रुपमा over stay गरी बसेका विदेशी नागरिक (illegal immigrants) लाई पक्राउ गरी देश निकाला गर्ने, थुना वा कैदमा राख्ने अधिकार प्रदान गरिएको हुन्छ। यसरी थुनामा वा कैदमा राख्दा कानून व्यवसायी र दोभाषेको प्रतिनिधित्व हुनुपर्ने भन्ने न्यूनतम मान्यता रहे भएको पाइन्छ। यस प्रसङ्गमा *अध्यागमन अधिकारीलाई कुनै विदेशी व्यक्तिलाई प्रशासकीय प्रकृतिको आदेशबाट थुना वा कैदमा पठाउँदा पनि नेपालको संविधानको धारा २० ले प्रदान गरेको अधिकारहरु न्यूनतम शर्तको रुपमा परिपालना गर्नुपर्ने देखिन्छ। यसर्थ, अध्यागमन ऐन, २०४९ को दफा १०(४)[४] बमोजिम अध्यागमन बिभागको महानिर्देशकलाई प्रदान गरिएको अधिकार कुनै न्यायिक निकायलाई प्रदान गरिएको अधिकारभन्दा कम हो भनी आकलन गर्न सक्ने देखिँदैन।*

१६. यस परिप्रेक्ष्यमा अध्यागमन विभागका महानिर्देशकद्वारा भिसा शुल्क, बिलम्ब शुल्क र जरिवाना बापतको रकम तिर्न बुझाउन नसकी जरिवाना बापत कैद गर्ने गरी भएको निर्णय न्यायिक प्रकृतिको रहे भएको भन्नेमा कुनै द्विविधा रहेन। न्यायिक प्रकृतिको काम कारवाहीहरु गर्दा अदालतले अपनाउने न्यूनतम प्रक्रियाहरु जस्तै पक्राउ परेको कारण सहितको सूचना दिने, कानून व्यवसायीसँग सल्लाह लिन पाउने, कसुर प्रमाणित नभएसम्म कसुरदार नमानिने, आफू विरुद्ध भएको कारवाहीको बारेमा जानकारी पाउने र स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाईको हकलाई सुनिश्चित गरिनुपर्दछ। *प्राकृतिक न्यायको मान्य सिद्धान्तले मूलतः दुई कुराहरुको प्रत्याभूत गरेको हुन्छ। एक पूर्वाग्राह राख्न नहुने र दोस्रो सुनुवाईको मौका प्रदान गरिनु पर्दछ। यी सिद्धान्तहरुलाई अवलम्बन नगरी भएको निर्णयहरुलाई वैध भन्न सकिने अवस्था रहँदैन।* अझ प्रस्तुत निवेदनको सन्दर्भमा निवेदकले आफूलाई लागेको जरिवाना रकम बुझाउन नसकेको स्थितिमा निजलाई कैदमा पठाउने निर्णय भएको देखिन्छ। *यसरी कुनै पनि व्यक्तिको व्यक्तिगत स्वतन्त्रतामा असर पर्ने गरी गरिने निर्णयहरु संविधानको धारा २० लगायतका*

[४] माथिका उपदफाहरुमा लेखिए बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कसैले कुनै कार्य गरेमा निजले तिर्नु पर्ने भनी ठहर भएको बिगो रकमसमेत असुल गरी निजलाई महानिर्देशकले पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

*प्राकृतिक न्यायको मान्य सिद्धान्तहरुलाई अपरिहार्य रुपमा अवलम्बन गर्नुपर्ने हुन्छ।*

१७. यसै सन्दर्भमा, यस अदालतबाट "कैद र जरिवाना गर्ने कार्य स्वभावैले न्यायिक प्रकृतिको हुन्छ। नेपालको संविधानको धारा २० मा गरिएको व्यवस्था अनुसार यस्तो कार्यले स्वच्छ सुनुवाईका शर्तहरु पूरा गर्नुपर्ने हुन्छ। अर्थात् निवेदकउपर के आरोप लागेको हो? जानकारी पाउने सो विषयमा आफ्नो कानून व्यवसायीसँग परामर्श लगायत आफ्नो प्रतिरक्षा गर्न पाउने हक त्यसरी कारवाही गर्न लागिएको व्यक्तिमा रहन्छ। साथै, जहाँ कुनै अधिकारीले न्यायिक निर्णय गर्नुपर्ने हुन्छ, त्यसमा न्यायिक मनको प्रयोग गर्नुपर्ने हुन्छ। अध्यागमन ऐनमा गरिएको व्यवस्था अनुसार नै पनि अधिकारीले तहकिकात पूरा गरेपछि प्रतिवेदन दिनुपर्छ। प्रतिवेदन परेपछि निर्णय गर्ने अधिकारीले सो प्रतिवेदनको आधारमा सम्बन्धित व्यक्तिलाई प्रतिवेदनमा उल्लिखित आरोपबारे आफ्नो कुरा भन्न र प्रतिरक्षा गर्न दिनुपर्ने तथा तत्पश्चात् आवश्यक प्रमाणहरु बुझी आधार र कारण खुलाई निर्णय निष्कर्षमा पुग्नुपर्ने हुन्छ" भनी Manfred August Neuman विरुद्ध अध्यागमन विभाग भएको ०७९-WH-०१३०[५] को बन्दीप्रत्यक्षीकरण मुद्दामा व्याख्या भएको पाइन्छ।

१८. यस्तै प्रकृतिको संयुक्त अधिराज्यको तत्कालीन हाउस अफ लर्ड अथवा अहिलेको सर्वोच्च अदालतले, **R (on the application of Jalloh) v. Secretary of State for the Home Department (2008) - United Kingdom:**[६] भएको मुद्दामा Sierra Leonean का एक नागरिकलाई त्यहाँको अध्यागमन कानूनको उल्लंघन गरी गैरकानूनी रुपमा (over stay) बेलायत बसेको प्रसङ्गमा निजको थुनाको कानूनी वैधता तथा स्वच्छताको सम्बन्धमा प्रश्न उठी कानून व्यवसायीको प्रतिनिधित्व बेगर गरिएको थुनालाई गैरकानूनी र अनुचित मानी व्याख्या भई फैसला भएको पाइन्छ। यस प्रसङ्गमा नेपालको संविधानको धारा २०(२) मा कानून व्यवसायीको प्रतिनिधित्वका अवस्थाहरु उल्लेख गरेको पाइन्छ। यस्तो प्रावधान विदेशी व्यक्तिले प्रयोग गर्न नपाउने भन्ने देखिँदैन। यस परिप्रेक्ष्यमा प्रस्तुत निवेदनका निवेदकले कानून व्यवसायीको प्रतिनिधित्व र दोभाषेको सुविधा नपाएको भनी लिएको जिकिर सम्बन्धमा लिखित जवाफको कुनै प्रसङ्गमा उल्लेख गरेको नपाईंदा स्वभाविक रुपमा त्यस्तो

[५] ०७९-WH-०१३०, परिच्छेद-१६, फैसला मिति-२०७९।१०।२६

[६] R.V. Secretary (2020) UKSC 4. 12 February 2020

कैदको वैधतामा प्रश्न उठ्ने नै देखियो।

१९. अध्यागमन ऐन, २०४९ को *दफा ११ मा दफा १० को उपदफा (४) बमोजिम सजाय भएकोमा चित्त नबुझ्ने पक्षले पैतीस दिनभित्र उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ* भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। उक्त व्यवस्था अनुसार निवेदकले महानिर्देशकको आदेशमा चित्त नबुझेमा उच्च अदालतमा पुनरावेदन गर्न सक्ने प्रावधान रहेको देखियो। तर प्रस्तुत मुद्दामा निवेदकले आफ्नो प्रतिनिधित्व गर्न कानून व्यवसायी नियुक्त गर्न पाएको देखिँदैन। साथै, निजउपर भएको कामकारवाहीसमेत निजले बुझ्ने भाषामा भए नभएको सम्बन्धमा यकिन केही खुलेको देखिँदैन। यस्तो अवस्थामा निजले पहिलो चरणमा नै कानून व्यवसायीको प्रतिनिधित्व नपाएको स्थितिमा निजलाई पुनरावेदन गर्न सक्ने आफ्नो अधिकारको बारेमा थाहा जानकारी थियो भनी अनुमान गर्न मिल्ने अवस्था देखिँदैन।

२०. बन्दीप्रत्यक्षीकरणको आदेश व्यक्तिको स्वतन्त्रतासँग सम्बन्धित विषयवस्तु हो। नेपाल विभिन्न मानवअधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धिहरुको पक्ष राष्ट्र हो। महासन्धिको पक्ष राष्ट्र भएको कारणबाट यस अदालतले त्यस्ता महासन्धिमा भएका व्यवस्थाहरु कार्यान्वयन गर्नु आफ्नो दायित्वभित्र पर्दछ। Universal Declaration On Human Right[७] (UDHR) को धारा १९ मा no one shall be subjected to arbitrary arrest or detention भन्ने व्यवस्था, International Covenant on Civil and Political Rights (ICCPR)[८] को धारा ९ मा anyone who is deprived of his liberty by arrest or detention shall be entitled to take proceeding before a court, in order that court may decide without delay on the lawfulness of his detention and order his release if the detention is not lawful भन्ने व्यवस्था रहेको पाइन्छ। यसैगरी उक्त ICCPR को धारा ९ को व्याख्या गर्ने General Comment No. 8[९], मा the Human Rights Committee ले paragraph 1 is applicable to all deprivations of liberty, whether in criminal cases or in other cases such as, for example, mental illness, vagrancy, drug addiction, educational purposes, *immigration control*, etc. भनी उल्लेख भएको पाइन्छ। The Body of Principles for the Protection of all person under any form

[७] United Nations General Assembly in Paris on 10 December 1948 (General Assembly Resolution 217 A)

[८] Adopted by UN General Assembly Resolution 2200A (XXI16 December 1966)

[९] UN Human Rights Committee (HRC), *CCPR General Comment No. 8: Article 9 (Right to Liberty and Security of Persons)*, 30 June 1982, No. 8, available at: https://www.refworld.org/docid/4538840110.html, para 1

of Detention or Imprisonment [१०] को Principle 11 मा A person shall not be kept in detention without being given an effective opportunity to be heard promptly by a judicial or other authority. A detained person shall have the right to defend himself or to be assisted by counsel as prescribed by law भनी उल्लेख भएको पाइन्छ। यस्तो कानूनी व्यवस्था अनुसार नेपालमा गैर कानूनी रुपमा अध्यागमन कानूनको उल्लघंन गरी बसेको (overstay) कुनै पनि विदेशी नागरिकलाई कैद वा थुनामा राख्दा निजलाई कानून व्यवसायी र दोभाषे सहितको सुनुवाईको मौका दिई प्रतिरक्षाको अवसर प्रदान गर्नुपर्ने हुन्छ। निवेदक Amadeu Canidido De Oliveria नेदरल्याण्डसका (Dutch) नागरिक रही नेपालमा गैरकानूनी रुपमा बसोबास गर्दै आएको देखिन्छ। अध्यागमन विभागबाट निजलाई कैद र जरिवाना गर्दा आफ्नो सफाइका लागि भए गरेका बेहोरा प्रस्तुत गर्ने मौका दिइएको देखिँदैन। साथै, निजउपर भएको कामकारवाहीसमेत नेपाली भाषामा भई निजले बुझ्ने भाषामा अनुवाद गर्ने व्यक्तिको सुविधासमेत प्रदान गरेको देखिँदैन। यसबाट निवेदकलाई सुनुवाईको मौका प्रदान नगरी टिप्पणी आदेशलाई सदर गरेको आधारमा कैदमा पठाउने गरी भएको निर्णय वैध मान्न सक्ने देखिएन।

२१. अब दोस्रो प्रश्न अर्थात् निवेदकको माग बमोजिमको रिट जारी गर्न मिल्ने हो वा होइन भन्नेतर्फ विचार गर्दा, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६४(१) मा रहेको कानूनी व्यवस्थाले अदालतबाट फैसला हुँदा असुल उपर गर्नुपर्ने सरकारी बिगो वा अन्य कुनै रकम सम्बन्धित व्यक्तिले बुझाउनु पर्ने र नबुझाएको खण्डमा सरकारी बिगो वा अन्य कुनै रकम बापत कैद सजाय गर्न सक्ने देखिन्छ। उक्त दफा १६४ को उपदफा (५) अनुसार जरिवानालाई बिगो मानी निज निवेदकलाई सात बर्षसम्म कैद गरेको देखिन्छ। यस निवेदनको सन्दर्भमा निवेदक Amadeu Canidido De Oliveria लाई जम्मा रु.१४,५५,२३३।१० जरिवाना भएकोमा निजले उक्त रकम तथा अध्यागमन ऐन, २०४९ को दफा ३(१) को कसुरमा दफा १०(४) बापत रु.५०,०००।- बुझाउन नसकेको हुँदा निजलाई मिति २०७६।०७।०६ गतेदेखि गणना हुने गरी मिति २०८३।०७।०५ सम्मको कैदी पुर्जी अध्यागमन विभागबाट जारी भएको देखिन्छ।

[१०] Adopted by UN General Assembly Resolution 43/173 on December 9,1998

२२. अध्यागमन ऐन, २०४९ को दफा ८ मा यस ऐन विपरीत कार्य भएमा अध्यागमन अधिकृतले अपराधमा संलग्न व्यक्तिलाई गिरफ्तार गर्ने, खानतलासी गर्ने, सर्जमिन मुचुल्का गर्ने अधिकार रहेको देखिन्छ। यसरी तहकिकात गर्दा अनुसन्धान अधिकृतले तारेखमा राख्ने, धरौटीमा राख्ने वा जमानतमा राख्न सक्ने देखिन्छ। उक्त ऐनको दफा ८(३) मा आवश्यक परेमा सरकारी वकिलको परामर्श लिन सक्ने छ भन्ने व्यवस्था रहेको पनि देखिन्छ। **सरकारी वकिलको कार्यालय र सरकारी वकिल फौजदारी मुद्दाको अनुसन्धान र अभियोजन गर्नको लागि कानूनद्वारा अख्तियार प्राप्त जिम्मेवार र दक्ष निकाय मानिन्छन्। अभियोजन सम्बन्धमा विशेष ज्ञान हुने भएकोले कुनै पनि व्यक्तिलाई कैद गरी स्वतन्त्रतामा रोक लगाउँदा सरकारी वकिलको राय लिनु कानूनी व्यवस्था मात्र नभई सामान्य समझको विषय पनि हो।**

२३. अध्यागमन ऐन, २०४९ को दफा १२ अनुसार उक्त ऐन अन्तर्गतका मुद्दाहरुमा सरकार वादी हुनेछ भन्ने कानूनी व्यवस्था गरेको पाइन्छ। सरकार वादी भई चल्ने मुद्दाहरुको सन्दर्भमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनसूची-१ र अनुसूची-२ मा उल्लेख भएको देखिन्छ। यसै सन्दर्भमा ऐ. संहिताको दफा ३१ मा अनुसूची-१ र अनुसूची-२ अन्तर्गतको कुनै कसुरको सम्बन्धमा अनुसन्धान पूरा भएपछि अनुसन्धान अधिकारीले कसुर गरेको शङ्का गरिएका सबै वा कुनै व्यक्तिउपर मुद्दा चलाउन पर्याप्त प्रमाण पुग्ने देखिएमा निजलाई कुन कानून अन्तर्गत सजाय हुनुपर्ने हो सो कुरा खुलाई तथा कसुर नभएको देखिएको वा कसुर भएको भए पनि त्यस्तो कसुर गर्ने व्यक्ति यही हो भन्ने यकिन हुन नसकेको वा कुनै व्यक्तिउपर मुद्दा चलाउन पर्याप्त प्रमाण नपुग्ने देखिएकोमा सोही बेहोरा खुलाई मिसिल कागजको सक्कल तथा नक्कल प्रति र दसी प्रमाण सहितको अनुसन्धान प्रतिवेदन अनुसूची-१९ बमोजिमको ढाँचामा तयार गरी सम्बन्धित सरकारी वकिल कार्यालयमा पठाउनु पर्ने भन्ने व्यवस्था रहेको पाइन्छ। यस परिप्रेक्ष्यमा निवेदक Amadeu Canidido De Oliveria ले गरेको **कसुर अध्यागमन ऐन,२०४९ को दफा १२, मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को अनुसूची-२ र सोही संहिताको दफा ३१ र अनुसूची-१९ अनुसार सरकार वादी हुने प्रकृतिको मुद्दा अनुसन्धान अधिकारीले अनुसन्धान गरी सम्बन्धित सरकारी वकिलको कार्यालयमा अनुसन्धान प्रतिवेदन पठाउनु पर्ने बाध्यात्मक**

व्यवस्था रहेको देखिन्छ। प्रस्तुत निवेदनको सन्दर्भमा निवेदकउपर भएको अनुसन्धान सम्बन्धी कागजात र अनुसन्धान प्रतिवेदन सरकारी वकिल कार्यालयमा पठाएको भन्ने मिसिल संलग्न कागजातबाट देखिँदैन। यस सम्बन्धमा प्रस्तुत मुद्दामा बहसको लागि उपस्थित हुनु भएको उपन्यायाधिवक्ताले अनुसन्धान प्रतिवेदन र कागजात सम्बन्धित सरकारी वकिल कार्यालयमा पठाउने नगरेको भन्ने जानकारीसमेत गराउनु भएको स्थितिमा मिसिल संलग्न कागजातबाट अनिवार्य रुपमा अपनाउनु पर्ने कानूनले तोकेको उचित प्रक्रिया वा कार्यविधि नअपनाई निज निवेदकलाई कैदमा पठाउने गरी भएको निर्णय कानूनसम्मत नभएकोले अध्यागमन विभाग र त्यहाँका महानिर्देशकलाई ध्यानाकर्षण गराउन योग्य देखिन्छ।

२४. अतः माथि विवेचित निवेदन माग दाबी, लिखित जवाफको बेहोरा, आधार एवं कारण, कानूनी व्यवस्था र यस अदालतबाट भएको व्याख्या समेतको आधारमा निवेदक Amadeu Canidido De Oliveria लाई स्वच्छ सुनुवाईको मौका दिएको नदेखिएको र सरकार वादी भई चल्ने मुद्दामा सरकारी वकिलसमक्ष अध्यागमन ऐन, २०४९ को दफा १२ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३१ बमोजिम अध्यागमन विभागका अनुसन्धान अधिकारीले अनुसूची-१९ बमोजिमको ढाँचामा अनुसन्धान प्रतिवेदन सम्बन्धित सरकारी वकिलसमक्ष पेस गरेको नदेखिएको तथा न्यायिक मनको प्रयोग गरी आधार र कारण सहितको निर्णयसमेत गरेको नदेखिँदा अध्यागमन विभागका निमित्त महानिर्देशकले टिप्पणी आदेशलाई सदर गर्ने गरी मिति २०७६।०७।०६ को निर्णय र निज निवेदकलाई थुनामा पठाउने गरी अध्यागमन विभागबाट मिति २०७६।०७।२१ मा जारी भएको कैदी पुर्जी उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। वस्तुतः निवेदकको थुना गैरकानूनी रहेको देखिँदा निजलाई अन्य मुद्दा वा कारणबाट थुनामा राख्न नपर्ने भए प्रस्तुत मुद्दाबाट थुनामुक्त गर्नु भनी नेपालको संविधानको धारा १३३(३) र सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिदिएको छ। निवेदकले चाहेमा आफ्नो देशको नेपालस्थित राजदुतावासको प्रतिनिधिसमेतको व्यवस्था गरी निजको रोहमा कैद मुक्त गरी बसोबास भएको देशमा फिर्ता पठाउने व्यवस्था गर्नू भनी विपक्षी अध्यागमन विभागको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ। अरु तपसिलबमोजिम गर्नू:-

## तपसिल

प्रस्तुत आदेशको प्रति प्राप्त भएपछि त्यस अध्यागमन विभागका महानिर्देशकले गर्ने अध्यागमन ऐन, २०४९ को दफा ३(१), ५ र ९(२) को कसुर गरी ऐ. ऐनको दफा १० बमोजिम निर्णयहरु गर्दा उक्त ऐनको दफा १२ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-२ तथा सोही संहिताको दफा ३१ र अनुसूची-१९ बमोजिम सरकारी वकिलको परामर्श नलिई कुनै पनि निर्णय नगर्नू तथा त्यस्तो निर्णय गर्दा सम्बन्धित प्रतिवादीको कानून व्यवसायी भए निजबाट, निजले दोभाषे उपलब्ध गराउन सके निजबाट अन्यथा सोही कार्यालयबाट कानून व्यवसायी र दोभाषेको सुविधा उपलब्ध गराई आधार र कारण सहितको निर्णय गर्नु भनी ध्यानाकर्षण गरी लेखी पठाउनू ...............................१

उक्त ध्यानाकर्षणको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई पठाउनू ...................२

नक्कल माग्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू ....................................३

आदेशको विद्युतीय प्रति कम्प्यूटरमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ..........................................................................................................४

(हरिप्रसाद फुयाल)
न्यायाधीश

उक्त रायमा म सहमत छु।

(प्रकाशमान सिंह राउत)
न्यायाधीश

इजलास अधिकृतः श्रद्धा विष्ट/लक्ष्मी राना

कम्प्युटर अपरेटरः मन्जिता ढुंगाना

इति संवत् २०८० साल साउन ३२ गते रोज ५ शुभम् ---------------------------।